# इलाम नगरपालिका

| इलाम नगरपालिकाको राजपत्र |
|---|

| | | |
|---|---|---|
| **खण्ड : २** | **सङ्ख्या : ३** | **मिति : २०७५।०३।१७** |

## भाग –१

## इलाम नगरपालिका

ऐनको नाम : **इलाम नगरपालिका, आर्थिक व्यवस्थापन ऐन, २०७५**

प्रमाणीकरण मिति : २०७५।०३।१७

नगर सभाबाट स्वीकृत मिति : २०७५।०३।११

**प्रस्तावना :** इलाम नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको लागि स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको कर तथा राजस्व प्रशासनको व्यवस्था गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम इलाम नगरपालिका, नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम **इलाम नगरपालिका आर्थिक व्यवस्थापन ऐन, २०७५** रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि इलाम नगरपालिकाभरि लागू हुनेछ ।

२. **सम्पत्ति कर:** स्थानीय सरकार सञ्चालन (संशोधनसहित) ऐन, २०७४ को दफा ५५ अनुसार इलाम नगरपालिका क्षेत्रभित्र अनुसूची-१ बमोजिम सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत)** : स्थानीय सरकार सञ्चालन (संशोधनसहित) ऐन, २०७४ को दफा ५६ अनुसार नगरपालिका क्षेत्रभित्रको जग्गामा उपयोगको आधारमा दफा ५५ अनुसारबाहेकको क्षेत्रमा अनुसूची-२ बमोजिम भूमिकर (मालपोत) लगाइने र असूल गरिनेछ ।

४. **घर जग्गा बहाल कर** : स्थानीय सरकार सञ्चालन (संशोधनसहित) ऐन, २०७४ को दफा ५७ अनुसार नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा अन्य व्यक्ति वा सँस्थालाई दिएकोमा अनुसूची-३ बमोजिम घर जग्गा बहालकर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय कर:** स्थानीय सरकार सञ्चालन (संशोधनसहित) ऐन, २०७४ को दफा ५८ अनुसार नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची-४ बमोजिम व्यवसाय कर लगाइने र असूल गरिनेछ । तर, दफा १४ अनुसारको व्यवस्था भएको व्यवसायमा व्यवसाय कर छुट हुनेछ ।

६. **बहाल बिटौरी शुल्क :** स्थानीय सरकार सञ्चालन (संशोधनसहित) ऐन, २०७४ को दफा ५९ अनुसार नगरपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेको अस्थायी टहरा, छाप्रा, पसल, आवास, हाटबजार, मेला, जात्रा र सरकारी जग्गामा बनेको संरचनाको उपयोगक वापत अनुसूची-५ अनुसार बहाल बिटौरी कर लगाई असुल गरिनेछ ।

७. **पार्किङ्ग शुल्क:** स्थानीय सरकार सञ्चालन (संशोधनसहित) ऐन, २०७४ को दफा ६० अनुसार नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत अनुसूची-६ बमोजिमको दरमा पार्किङ्ग शुल्क लगाइने र असूल गरिनेछ । यस्तो शुल्क नगरपालिकाले पार्किङ्ग सेवाका लागि निजी क्षेत्रलाई समेत अनुमति दिन सक्नेछ ।

९. **जडिबुटी, कवाडी र जीवजन्तु कर** : स्थानीय सरकार सञ्चालन (संशोधनसहित) ऐन, २०७४ को दफा ६१ अनुसार नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस (खर), कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यावसायिक उपयोग र कारोवार गरेवापत अनुसूची-७ बमोजिमको दरमा जडीबुटी, कवाडी र जीवजन्तु कर लगाई असूल गरिनेछ ।

१०. **ट्रेकिङ्ग, कायकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफटिङ्ग शुल्क:** र स्थानीय सरकार सञ्चालन (संशोधनसहित) ऐन, २०७४ को दफा ६२ (१) अनुसार नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कायोकिङ, क्यानोइङ, बन्जी जम्पिङ, जिपफ्लायर, र्‍याफ्टिङ सेवा वा व्यवसाय संचालन गरे वापत अनुसूची-८ बमोजिमको दरमा सेवा शुल्क लगाई असूल गरिनेछ ।

११. **सेवा शुल्क, दस्तुर** : स्थानीय सरकार सञ्चालन (संशोधनसहित) ऐन, २०७४ को दफा ६२ अनुसार नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची-९ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भएअनुसारको दरमा सेवा शुल्क लगाई असूल गरिनेछ ।

१२. **स्थानीय स्रोत उपयोग कर:** नगरपालिकाले आफ्नो क्षेभित्र उपलब्ध स्थानीय सोत अनुसूची - १० मा उल्लिखित दरमा स्थानीय स्रोत उपयोग कर शुल्क लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१३. **मर्मत सम्भार सेवा शुल्क :** नगरपालिकाले निर्माण तथा मर्मत सम्भार गरिरहेका नगर क्षेत्रभित्र रहेका सडकहरुमा अनुसूची - ११ मा उल्लेख गरिएको सडकहरुको तोकिएको दरमा मर्मत सम्भार सेवा शुल्क स्थानीय प्रत्यक्ष लाभग्राहीको सहभागितामा वडा कार्यालयले गठन गरेको मर्मत सम्भार समितिमा आम्दानी बाँधी सबै समय सडक यातायात सञ्चलन व्यवस्था हुनेछ ।

१४. **प्रदूषण नियन्त्रण शुल्क :** नगरपालिका क्षेत्रमा पेट्रोल, डिजेल गाडीबाट उत्पन्न प्रदूषणबाट वातावरण संरक्षण आदि कार्यक्रम सञ्चालन गर्न अनुसूची - १२ मा उल्लिखित दरमा प्रदूषण नियन्त्रण शुल्क लगाई असुल गरिनेछ । यस्तो शुल्क उल्लिखित इन्धन विक्री केन्द्बाट नै विक्री अभिलेखका आधारमा उठाई मासिकरुपमा नगरपालिकामा दाखिला गरिनेछ । यस खालको सेवा विक्री केन्द्र ( पेट्रोल पम्प ) लाई व्यवसाय कर छुट दिइनेछ ।

१५. **न्यायिक दस्तुर :** इलाम नगरपालिकाको न्यायिक समितिको सचिवालयबाट सम्पादन हुने काममा अनुसूची - १३ अनुसारको दरमा न्यायिक दस्तूर लगाई राजस्व दाखिला गर्नुपर्नेछ ।

१६. **विज्ञापन कर :** अन्तरसरकारी वित्त व्यवस्थापन (संशोधनसहित) ऐन, २०७४ को दफा ५ अनुसार हुने गरी नगरपालिकाले विज्ञापन कर अनुसूची - १४ बमाजिमको दरमा लगाउने उठाउने गरिनेछ ।

१७. **कर छुट नहुने :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई यस ऐनमा भएको प्रावधान बाहेक कुनै पनि किसिमको कर छुट दिइने छैन । तर, कुनै विषम परिस्थिति ( आगलागी, बाढी पहिरो, महामारी हैजा, सेवा तथा व्यवसाय नै ठप्प हुने गरी आन्दोलन ) परी प्रमाणित हुने आधारमा तोकिएसम्म छुट दिन बाधा पर्ने छैन ।

१८. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः** : यस ऐनमा भएको व्यवस्थाअनुसार कर तथा शुल्क संकलनसम्बन्धी कार्यविधि नगरपालिकाले तोकेअनुसार हुनेछ ।

## अनुसूची-१
## (ऐनको दफा-२ सँग सम्बन्धित)

### क. सम्पत्ति कर ( भौतिक संरचनाले चर्चेको जग्गा), वडा नं. ६ देखि ९ सम्म

| दर श्रेणी | सम्पत्तिको मूल्य रु भन्दा माथि | मूल्य रु सम्मको लागि | सम्पत्तिकर रु देखि | शकर प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | ० | १,५०,००० | ६० | ० | |
| २ | १,५०,००१ | २,५०,००० | ८५ | ० | |
| ३ | २,५०,००१ | ३,००,००० | १०० | ० | |
| ४ | ३,००,००१ | ३,५०,००० | ११५ | ० | |
| ५ | ३,५०,००१ | ४,००,००० | १३० | ० | |
| ६ | ४,००,००१ | ४,५०,००० | १४० | ० | |
| ७ | ४,५०,००१ | ५,००,००० | १५५ | ० | |
| ८ | ५,००,००१ | ६,००,००० | १७० | ० | |
| ९ | ६,००,००१ | ७,००,००० | १९५ | ० | |
| १० | ७,००,००१ | ८,००,००० | २०५ | ० | |
| ११ | ८,००,००१ | ९,००,००० | २२० | ० | |
| १२ | ९,००,००१ | १०,००,००० | २५० | ० | |
| १३ | १०,००,००१ | ११,००,००० | २८५ | ० | |
| १४ | ११,००,००१ | १२,००,००० | ३२० | ० | |
| १५ | १२,००,००१ | १३,००,००० | ३७० | ० | |
| १६ | १३,००,००१ | १४,००,००० | ४०५ | ० | |
| १७ | १४,००,००१ | १६,००,००० | ४३० | ० | |
| १८ | १६,००,००१ | १८,००,००० | ४६० | ० | |
| १९ | १८,००,००१ | २०,००,००० | ४८० | ० | |
| २० | २०,००,००१ | २२,००,००० | ५०० | ० | |
| २१ | २२,००,००१ | २४,००,००० | ७०० | ० | |
| २२ | २४,००,००१ | २६,००,००० | ८५० | ० | |
| २३ | २६,००,००१ | २८,००,००० | ९५० | ० | |
| २४ | २८,००,००१ | ३०,००,००० | १,००० | ० | |
| २५ | ३०,००,००१ | ३४,००,००० | १,२०० | ० | |
| २६ | ३४,००,००१ | ३८,००,००० | १,५०० | ० | |
| २७ | ३८,००,००१ | ४२,००,००० | १,७०० | ० | |
| २८ | ४२,००,००१ | ४६,००,००० | २,००० | ० | |
| २९ | ४६,००,००१ | ५०,००,००० | २,३०० | ० | |
| ३० | ५०,००,००१ | ५३,००,००० | २,६०० | ० | |
| ३१ | ५४,००,००१ | ५६,००,००० | २९०० | | |
| ३२ | ५६,००,००१ | ५८,००,००० | ३,३०० | ० | |
| ३३ | ५८,००,००१ | ६०,००,००० | ३,६०० | ० | |
| ३४ | ६०,००,००१ | ६२,००,००० | ३,९०० | ० | |
| ३५ | ६२,००,००१ | ६४,००,००० | ४,२०० | ० | |
| ३६ | ६४,००,००१ | ६६,००,००० | ४,५०० | ० | |
| ३७ | ६६,००,००१ | ६८,००,००० | ४,८०० | ० | |

| दर श्रेणी | सम्पत्तिको मूल्य रु भन्दा माथि | मूल्य रु सम्मको लागि | सम्पत्तिकर रु देखि | शकर प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| ३८ | ६८,००,००१ | ७०,००,००० | ५,१०० | ० | |
| ३९ | ७०,००,००१ | ७२,००,००० | ५,४०० | ० | |
| ४० | ७२,००,००१ | ७५,००,००० | ५,८०० | ० | |
| ४१ | ७५,००,००१ | ७८,००,००० | ६,२०० | ० | |
| ४२ | ७८,००,००१ | ८१,००,००० | ६,६०० | ० | |
| ४३ | ८१,००,००१ | ८४,००,००० | ७,००० | ० | |
| ४४ | ८४,००,००१ | ८७,००,००० | ७,५०० | ० | |
| ४५ | ८७,००,००१ | ९०,००,००० | ८,००० | ० | |
| ४६ | ९०,००,००१ | ९३,००,००० | ८,५०० | ० | |
| ४७ | ९३,००,००१ | ९६,००,००० | ९,००० | ० | |
| ४८ | ९६,००,००१ | १,००,००,००० | ९,५०० | ० | |
| ४९ | १,००,००,००१ | १,१०,००,००० | १०५०० | ० | |
| ५० | १,१०,००,००१ | १,१५,००,००० | ११,००० | ० | |
| ५१ | १,१५,००,००१ | १,२०,००,००० | ११,५०० | ० | |
| ५२ | १,२०,००,००१ | १,२५,००,००० | १२,००० | ० | |
| ५३ | १,२५,००,००१ | १,३५,००,००० | १२,५०० | ० | |
| ५४ | १,३५,००,००१ | १५०,००,००० | १३,००० | ० | |
| ५५ | १,५०,००,००१ | १,७०,००,००० | १३,५०० | ० | |
| ५६ | १,७०,००,००१ | २,००,००,००० | १५,००० | ० | |
| ५७ | २,००,००,००१ | २,५०,००,००० | २०,००० | ० | |
| ५८ | २,५०,००,००१ | ३,००,००,००० | २५,००० | ० | |
| ५९ | ३,००,००,००१ | ५,००,००,००० | ३०,००० | ० | |
| ६० | ५,००,००,००१ | थप रकमको ०.२% का दरले थप रकम लाग्नेछ | | | |

**ख. सम्पत्ति कर (संरचनाले चर्चेको जग्गा), वडा नं. ६ देखि ९ सम्मबाहेक**

| दर श्रेणी | सम्पत्तिको मूल्य रु भन्दा माथि | मूल्य रु सम्मको लागि | सम्पत्तिकर रु देखि | शकर प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | ० | १,५०,००० | ५० | ० | |
| २ | १,५०,००१ | २,५०,००० | ७५ | ० | |
| ३ | २,५०,००१ | ३,००,००० | ९० | ० | |
| ४ | ३,००,००१ | ३,५०,००० | १०० | ० | |
| ५ | ३,५०,००१ | ४,००,००० | ११५ | ० | |
| ६ | ४,००,००१ | ४,५०,००० | १२५ | ० | |
| ७ | ४,५०,००१ | ५,००,००० | १३५ | ० | |

| दर श्रेणी | सम्पत्तिको मूल्य रु भन्दा माथि | मूल्य रु सम्मको लागि | सम्पत्तिकर रु देखि | शकर प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| ८ | ५,००,००१ | ६,००,००० | १५० | ० | |
| ९ | ६,००,००१ | ७,००,००० | १७० | ० | |
| १० | ७,००,००१ | ८,००,००० | १८० | ० | |
| ११ | ८,००,००१ | ९,००,००० | १९० | ० | |
| १२ | ९,००,००१ | १०,००,००० | २०० | ० | |
| १३ | १०,००,००१ | ११,००,००० | २५० | ० | |
| १४ | ११,००,००१ | १२,००,००० | २७५ | ० | |
| १५ | १२,००,००१ | १३,००,००० | ३०० | ० | |
| १६ | १३,००,००१ | १४,००,००० | ३२५ | ० | |
| १७ | १४,००,००१ | १६,००,००० | ३५० | ० | |
| १८ | १६,००,००१ | १८,००,००० | ३७५ | ० | |
| १९ | १८,००,००१ | २०,००,००० | ४०० | ० | |
| २० | २०,००,००१ | २२,००,००० | ५०० | ० | |
| २१ | २२,००,००१ | २४,००,००० | ७०० | ० | |
| २२ | २४,००,००१ | २६,००,००० | ८५० | ० | |
| २३ | २६,००,००१ | २८,००,००० | ९५० | ० | |
| २४ | २८,००,००१ | ३०,००,००० | १,००० | ० | |
| २५ | ३०,००,००१ | ३४,००,००० | १,२०० | ० | |
| २६ | ३४,००,००१ | ३८,००,००० | १,५०० | ० | |
| २७ | ३८,००,००१ | ४२,००,००० | १,७०० | ० | |
| २८ | ४२,००,००१ | ४६,००,००० | २,००० | ० | |
| २९ | ४६,००,००१ | ५०,००,००० | २,३०० | ० | |
| ३० | ५०,००,००१ | ५३,००,००० | २,६०० | ० | |
| ३१ | ५४,००,००१ | ५६,००,००० | २९०० | ० | |
| ३२ | ५६,००,००१ | ५८,००,००० | ३,३०० | ० | |
| ३३ | ५८,००,००१ | ६०,००,००० | ३,६०० | ० | |
| ३४ | ६०,००,००१ | ६२,००,००० | ३,९०० | ० | |
| ३५ | ६२,००,००१ | ६४,००,००० | ४,२०० | ० | |
| ३६ | ६४,००,००१ | ६६,००,००० | ४,५०० | ० | |
| ३७ | ६६,००,००१ | ६८,००,००० | ४,८०० | ० | |
| ३८ | ६८,००,००१ | ७०,००,००० | ५,१०० | ० | |
| ३९ | ७०,००,००१ | ७२,००,००० | ५,४०० | ० | |
| ४० | ७२,००,००१ | ७५,००,००० | ५,८०० | ० | |
| ४१ | ७५,००,००१ | ७८,००,००० | ६,२०० | ० | |
| ४२ | ७८,००,००१ | ८१,००,००० | ६,६०० | ० | |
| ४३ | ८१,००,००१ | ८४,००,००० | ७,००० | ० | |
| ४४ | ८४,००,००१ | ८७,००,००० | ७,५०० | ० | |
| ४५ | ८७,००,००१ | ९०,००,००० | ८,००० | ० | |
| ४६ | ९०,००,००१ | ९३,००,००० | ८,५०० | ० | |
| ४७ | ९३,००,००१ | ९६,००,००० | ९,००० | ० | |
| ४८ | ९६,००,००१ | १,००,००,००० | ९,५०० | ० | |

| दर श्रेणी | सम्पत्तिको मूल्य रु भन्दा माथि | मूल्य रु सम्मको लागि | सम्पत्तिकर रु देखि | शकर प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| ४९ | १,००,००,००१ | १,१०,००,००० | १०५०० | ० | |
| ५० | १,१०,००,००१ | १,१५,००,००० | ११,००० | ० | |
| ५१ | १,१५,००,००१ | १,२०,००,००० | ११,५०० | ० | |
| ५२ | १,२०,००,००१ | १,२५,००,००० | १२,००० | ० | |
| ५३ | १,२५,००,००१ | १,३५,००,००० | १२,५०० | ० | |
| ५४ | १,३५,००,००१ | १५०,००,००० | १३,००० | ० | |
| ५५ | १,५०,००,००१ | १,७०,००,००० | १३,५०० | ० | |
| ५६ | १,७०,००,००१ | २,००,००,००० | १५,००० | ० | |
| ५७ | २,००,००,००१ | २,५०,००,००० | २०,००० | ० | |
| ५८ | २,५०,००,००१ | ३,००,००,००० | २५,००० | ० | |
| ५९ | ३,००,००,००१ | ५,००,००,००० | ३०,००० | ० | |
| ६० | ५,००,००,००१ | थप रकमको ०.२% का दरले थप रकम लाग्नेछ | | | |

(१) भौतिक संरचनाको सम्पत्ति कर प्रयोजनका लागि निम्नानुसार गर्ने (सबै वडामा) :

सम्पत्ति कर स्वयम् घोषणा अवधारणाअनुसार प्रयोग भइरहेको हुनाले सम्पत्ति कर प्रयोजनका लागि अभिलेखाङ्कन भइसकेका जग्गाधनीको हकमा आ. व. २०७४।०७५ को मालपोत कार्यालय इलामको न्यूनतम् मूल्याङ्कनलाई आधार मानेर सो मूल्याङ्कन भन्दा न्यून नहुने गरी जग्गाधनीहरुले आफ्नो घरजग्गाको स्वयम् घोषणा गरी आर्थिक वर्ष २०७५।०७६ देखि ३ आर्थिक वर्षका लागि सो स्वयम् घोषणा मूल्याङ्कन अनुसार असुल गर्ने र संरचनाको हकमा आरसीसी प्रति बर्गफुट रु १,५००।००, पक्का जोडाइ जस्तापाता प्रति वर्गफुट रु १०००।००, ढुंगाको गारो माटो जोडाइ जस्ता छाना प्रति वर्गफुट रु ८००।००, ढुंगा गाह्रो माटो जोडाइ सेन्टरबेरा फुसको छाना प्रतिवर्ग फुट ६००।०० र कच्ची चिमेघर प्रतिवर्ग फुट रु ४००।०० का दरले ह्रासकट्टीको नियमानुसार ह्रासकट्टी समेत गरी असुल गर्ने । यसमा ५४७६ वर्ग फिटलाई अन्तिम सीमा मान्ने ।

- राज्यको पुनरसंरचना अनुरुप साविकको इलाम नगरपालिकामा समाहित भएका नयाँ ८ वटा वार्ड ( इलाम नगरपालिका वार्ड नं. १, २, ३, ४, ५, १०, ११, १२) हरूको हकमा आ. व. २०७४।०७५ को मालपोत दाखिला गरेका जग्गाधनीहरुको लागि पनि पहिलो बुँदा अनुरुप जग्गाको मूल्याङ्कन गर्ने र संरचनाको हकमा सम्बन्धित जग्गाधनीले संरचनाको मूल्याङ्कन रकम स्वयम् घोषणा गर्न चाहेमा पहिलो बुँदा अनुसार गर्ने र चिमेघर, ढुंगा माटो र जस्ता पाताको छानो भएको घरको हकमा स्वयम् घोषणा गर्न नचाहेमा विवरण मात्र उल्लेख गराई सो संरचनाको मूल्याङ्कन रकम सम्पत्ति वासम्पत्ति कर प्रयोजनमा समावेश नगर्ने । तर, यसअघि सम्पत्ति कर वा सम्पत्ति करको अभ्यास नभएका मेची राजमार्गमा परेका वडा नं. १, ४, ५ र १० मा न्यूनतम् रु. ५०।०० र जग्गा जतिसुकै भए पनि अधिकतम् सम्पत्ति कर रु.२,०००।०० र मेची राजमार्गमा नपरेका वडा नं. २, ३, ११ र १२ मा न्यूनतम् रु. ५०।०० र जग्गा जतिसुकै भए पनि अधिकतम् सम्पत्ति कर रु.१,०००।०० भन्दा बढी असुल नगर्ने ।

(२) आ.व. २०७५।०७६ मा खरिद वा अन्य कुनै प्रक्रियाबाट नयाँ धनीपूर्जा प्राप्त गरेका नयाँ जग्गाधनीको हकमा भने सोको सम्पत्ति कर दाखिला नभई सकेको भए आ.व. २०७४।०७५ को मालपोत न्यूनतम् मूल्याङ्कन भन्दा न्यून नहुने गरी ३ आर्थिक वर्षका लागि स्वयम् घोषणा अवधारणा अनुसार लगत कायम गरी सम्पत्ति कर असुल गर्ने ।

(३) इलाम नगरपालिका, कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४ अनुसार दर्ता भएका कृषि फार्महरु भएको जग्गामा लागेको सम्पत्तिकरमा ५० प्रतिशत छुट दिइनेछ, यस अनुसारको छुट सुविधा प्राप्तिका लागि सम्पत्ति कर दाखिला गर्ने जग्गाधनीले आवश्यक कागजातसहित नगरपालिकामा आवेदन गरी छुट सुविधा लिन सक्नेछ ।

(४) यसमा उल्लेख भएदेखि बाहेकका कुराहरुमा इलाम नगरपालिकाको सम्पत्ति वा सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७४ मा व्यवस्था भएअनुसार गर्ने ।

## अनुसूची - २
## (ऐनको दफा ३ सँग सम्बन्धित)

सम्पत्ति कर नलाग्ने जग्गामा वार्षिक भूमि कर (मालपोत), न्यूनतम् रु. ५०।०० कायम गरी

(१) इलाम नगरपालिका वडा नं. १, ४, ५ र १० मा पक्की सडकले छोएको जग्गा प्रति आना रु.५०।०० ( दुई हजारमा नबढाइ लिने ),

(२) इलाम नगरपालिका वडा नं. १, ४, ५ र १० मा कच्ची सडकले छोएको जग्गाप्रति आना रु.२५।०० ( दुई हजारमा नबढाइ लिने ),

(३) इलाम नगरपालिका वडा नं. १, ४, ५ र १० मा कुनै सडकले नछोएको जग्गा प्रति आना रु.४।०० ( दुई हजारमा नबढाइ लिने ),

(४) इलाम नगरपालिका वडा नं. २, ३, ११ र १२ मा पक्की सडकले छोएको जग्गा प्रति आना रु.५०।०० ( एक हजारमा नबढाई लिने ),

(५) इलाम नगरपालिका वडा नं. २, ३, ११ र १२ मा कच्ची सडकले छोएको जग्गा प्रति आना रु.२०।०० ( एक हजारमा नबढाइ लिने ),

(६) इलाम नगरपालिका वडा नं. २, ३, ११ र १२ मा कुनै सडकले नछोएको जग्गा प्रति आना रु.४।०० ( एक हजारमा नबढाइ लिने ),

(७) इलाम नगरपालिका वडा नं. ६ को पक्की सडकले छोएको जग्गामा प्रति आना रु.९०।००

(८) इलाम नगरपालिका वडा नं. ६ को पक्की सडकले नछोएको जग्गामा प्रति आना रु.३०।००

(९) इलाम नगरपालिका वडा नं. ७ को पक्की सडकले छोएको जग्गामा प्रति आना रु. १२०।००

(१०) इलाम नगरपालिका वडा नं. ७ को कच्ची सडकले छोएको जग्गामा प्रति आना रु. ८०।००

(११) इलाम नगरपालिका वडा नं. ७ को कुनै सडकले नछोएको जग्गामा प्रति आना रु.६०।००

(१२) इलाम नगरपालिका वडा नं. ८ र ९ को पक्की सडकले छोएको जग्गामा प्रति आना रु.९०।००

(१३) इलाम नगरपालिका वडा नं. ६, ८ र ९ को कच्ची सडकले छोएको जग्गामा प्रति आना रु.१५।००

(१४)  इलाम नगरपालिका वडा नं. ६, ८  र ९ को कुनै सडकले नछोएको जग्गामा प्रति आना रु.३।००

(१५) २०७५ साल आषाढ मसान्तसम्मको बक्यौता रकमको हकमा प्रतिरोपनी रु.२००।०० ले असुल गर्ने । विगतको बक्यौता भए यसैअनुसार असुल उपर गर्ने ।

(१६) २०६० साल आषाढ मसान्तसम्मको नरबढी जग्गाको मालपोत प्रतिरोपनी रु. ३००।००

**अनुसूची - ३**

**(ऐनको दफा ४ सँग सम्बन्धित)**

घर जग्गा बहाल कर

बहाल रकमको ७% प्रतिशतका दरले असुल गर्ने ।

**अनुसूची - ४**

**(ऐनको दफा ५ सँग सम्बन्धित)**

व्यवसाय कर

(१) नगरपालिकाको करदाता शिक्षा अभिमुखीकरण प्याकेज तालिम (कर प्रणाली, करदाता क्षमता अभिबृद्धि, पर्यटन प्रवर्द्धन, वातावरण, विपद् व्यवस्थापन) प्रमाण पत्र लिएका व्यवसायीलाई व्यवसाय कर रकममा १% प्रतिशत छुट ।

(२) नगरपालिकाभित्र पेशा व्यवसाय गर्ने व्यवसायीलाई समूह धितोमा नगरपालिका साझेदारी विकास कोषबाट रु १,००,०००।०० सम्मको ऋण सुविधा दिने । यस्तो व्यवसायी नगरपालिकाभित्रको सहकारी संस्थाको शेयरधनी वा उ.वा.संघ सदस्य भएमा सम्बन्धित संस्थाको सिफारिस/जमानतमा थप रु १,००,०००।००  गरी रु २,००,०००।०० सम्म ऋण सुविधा दिने र यस्तो व्यवसायी वैदेशिक रोजगारबाट फर्केर आएको व्यक्ति भए १ वर्षका लागि ऋणको व्याजमा १ प्रतिशत रकम छुट दिने । ऋण लगेको साँवा व्याज १ बर्ष भित्रमा चुक्ता गरेमा बार्षिक व्याज ७% प्रतिशत मात्र लिने र हालको व्याजदर ज्यादै अव्यावहारिक र ऋणीको जीविकोपार्जन र उद्यमशीलतामा सकारात्मक योगदान दिने खालको नभएकोले अव उप्रान्त वार्षिक व्याज ७% प्रतिशतका दरले असुल गर्ने ।

## (३) व्यवसाय करको दर

| सि. नं. | व्यवसायको किसिम | आ.व.०७५/०७६ को लागि स्वीकृत दर | कैफियत |
|---|---|---|---|
| १ | रक्सी (डिलर/थोक बिक्रेता) | १००००।०० | |
| २ | रक्सी (खुद्रा बिक्रेता) | ५०००।०० | |
| | चुरोट तथा सुर्तिजन्य पदार्थ | ५५००।०० | |
| ३ | ज्वेलरी (सुन, चाँदी) | ७०००।०० | |
| | | ६०००।०० | |
| ४ | ज्वेलरी (चाँदी मात्र) | ४०००।०० | |
| ५ | सुन, चाँदी कालिगढी मात्र | ३०००।०० | |
| ६ | चाँदी कालिगढी मात्र | २०००।०० | |
| ७ | निर्माण सामाग्री हार्डवेयर | ४५००।०० | |
| ८ | विद्युतीय सामाग्री | ४०००।०० | |
| ९ | ठूलो किराना पसल (होलसेल) | २०००।०० | |
| १० | मध्यम किराना पसल | १५००।०० | |
| ११ | सामान्य किराना पसल | १०००।०० | |

| | | | |
|---|---|---|---|
| १२ | कपडा पसल (दैनिक १ लाखसम्म कारोवार गर्ने) | १००००।०० | |
| १३ | कपडा पसल (दैनिक ५० हजारसम्म कारोवार गर्ने) | ५०००।०० | |
| १४ | कपडा पसल (दैनिक २० हजारसम्म कारोवार गर्ने) | २०००।०० | |
| १५ | कपडा पसल (अन्य) | १०००।०० | |
| १६ | सवारी साधन बिक्रेता | १००००।०० | गाडी, ट्रक र ट्याक्टर |
| १७ | सवारी साधन बिक्रेता | ८०००।०० | मोटरसाइकल |
| | **विशेषज्ञ सेवा ( निजी फर्म वा सँस्था )** | | |
| १८ | कानुनी परामर्श | ३०००।०० | |
| १९ | लेखापरीक्षण सेवा | ३०००।०० | |
| २० | इन्जिनियरिङ सेवा | ३०००।०० | |
| २० | चिकित्सकीय सेवा | २०००।०० | |
| २१ | अन्य | २५००।०० | |
| २२ | संस्थागत पेण्टर | ११०००।०० | |
| २३ | अन्य पेण्ट वा आर्टिङ्ग | १५००।०० | |
| | फ्लेक्स प्रिण्टिङ्ग | २५००।०० | |
| २४ | निर्माण व्यवसाय (क) श्रेणी | ८०००।०० | |
| २५ | निर्माण व्यवसाय (ख) श्रेणी | ६०००।०० | |
| २६ | निर्माण व्यवसाय (ग) श्रेणी | ५०००।०० | |
| २७ | निर्माण व्यवसाय (घ) श्रेणी | ३०००।०० | |
| २८ | अघिल्लो आ.व.मा काम नगरेका निर्माण व्यवसायीलाई कर चुक्ता प्रमाणका आधारमा न्यूनतम | १०००।- | |
| २९ | उत्पादनमूलक उद्योग | ४०००।०० | |
| ३० | उर्जामूलक उद्योग | ५०००।०० | |
| ३१ | वन्यजन्य उद्योग स-मील, भेनियर, फर्निचर लगायत | ७०००।०० | |
| ३२ | कृषिजन्य उद्योग (अचार, सुठो आदि) | १५००।०० | |
| ३३ | खनिज उद्योग | ७५००।०० | |
| ३४ | पर्यटन उद्योग (होटल एण्ड लज (क) श्रेणी) | १००००।०० | |
| ३५ | पर्यटन उद्योग (होटल एण्ड लज (ख) श्रेणी) | ७५००।०० | |
| ३६ | पर्यटन उद्योग (होटल एण्ड लज (ग) श्रेणी) | ५०००।०० | |
| ३७ | होटल | ३५००।०० | |
| ३८ | मिष्ठान भण्डार | ३५००।०० | |
| ३९ | चिया/नास्ता पसल | २०००।०० | |
| ४० | सेवा उद्योग (छापाखाना) मू.अ.कर दर्ता भएको | ७०००।०० | |
| ४१ | सेवा उद्योग (छापाखाना) | ३५००।०० | |
| ४२ | निर्माण उद्योग | १५०००।०० | |
| ४३ | सञ्चार | १५००।०० | |
| ४४ | नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको ( राष्ट्र बैंक, ने.बैं.लि., कृ. वि. बैंक, रा.वा.बैंक ) बाहेक आर्थिक कारोवार गर्ने वाणिज्य बैंक वा वित्तीय सेवा, | २५०००।०० | **“क” श्रेणी** |
| | | २००००।०० | **“ख” श्रेणी** |

| | | | |
|---|---|---|---|
| ४५ | आर्थिक कारोवार गर्ने वित्तीय कम्पनीको मुख्य कार्यालय | ७०००।०० | |
| ४६ | वित्तीय कम्पनीको शाखा कार्यालय | ३०००।०० | |
| ४७ | वीमा कम्पनी | ७५००।०० | |
| ४८ | विदेशी मुद्रा सटही | २०००।०० | |
| ४९ | धितोपत्र कारोवार | २५००।०० | |
| ५० | सहकारी बैंक | १५००।०० | |
| ५१ | स्वास्थ्य, गै.स.अस्पताल | ५०००।०० | |
| ५२ | नर्सिग होम | ५०००।०० | |
| ५३ | क्लिनिक/ल्याव | २५००।०० | |
| | **क) शिक्षा सेवा निजी विद्यालय (इलाम सदरमुकाम)** | | |
| ५४ | उच्च मा.वि.सहित | ७०००।०० | |
| ५५ | माध्यमिक विद्यालय | ५०००।०० | |
| ५६ | आधारभूत विद्यालय | ३०००।०० | |
| | **ख) शिक्षा सेवा निजी विद्यालय (अन्य वडाहरुमा)** | | |
| ५७ | मेची राजमार्गले छोएकोमा | १५००।०० | |
| ५८ | मेची राजमार्गले नछोएकोमा | १०००।०० | |
| ५९ | शिक्षा तालिम अनुसन्धान केन्द्र | ३०००।०० | |
| ६० | शिक्षा, अन्तराष्ट्रिय गै.स.स. | ५०००।०० | |
| ६१ | सवारी साधन मर्मत सम्भार (भारी साधन) | ५०००।०० | |
| ६२ | मर्मत संभार रेडियो, टेलिफोन, घडी | १५००।०० | |
| | | १३००।०० | |
| ६३ | सेवा, वैदेशिक रोजगार (केन्द्रिय कार्यालय) | १००००।०० | |
| ६४ | सेवा, वैदेशिक रोजगार (शाखा कार्यालय) | ५०००।०० | |
| ६५ | घरजग्गा खरिद बिक्री | १००००।०० | |
| ६६ | ब्यूटी पार्लर, सेलुन, डाईक्लिनर्स | १५००।०० | |
| ६७ | फोटो स्टुडियो, सिलाई | १५००।०० | |
| ६८ | साइनबोर्ड पेन्टिङ्ग | १५००।०० | |
| | **मासु बिक्रेता** | | |
| ६९ | खसी | ३०००।०० | |
| ७० | रागा र सुंगुर | २०००।०० | |
| ७१ | माछा | १५००।०० | |
| ७२ | कुखुरा, हाँस आदि | १०००।०० | |
| ७३ | भाडाकुडा बिक्रेता | ३०००।०० | |
| ७४ | भाडाकुडा बिक्रेता (सामान्य) | १५००।०० | |
| ७५ | फर्निचर उद्योग | ३५००।०० | |
| ७६ | स्टिल, फर्निचर बिक्रेता | ३०००।०० | |
| ७७ | अन्य फर्निचर विक्रेता | २०००।०० | |
| ७८ | केवल नेटवर्किंग | ५५००।०० | |
| ७९ | डिस होम | ३५००।०० | |
| ८० | पान पसल | १०००।०० | |
| ८१ | जुत्ता चप्पल मर्मत | १०००।०० | |

| | | | |
|---|---|---|---|
| ८२ | सब्जी पसल | १०००।०० | |
| ८३ | शिशा पसल | ३०००।०० | |
| ८४ | सिलाई पसल | १०००।०० | |
| ८५ | एग्रो सेण्टर | ३०००।०० | |
| ८६ | पेट्रोल पम्प | १००००।०० | |
| ८७ | चश्मा पसल | १५००।०० | |
| | **अटोपार्ट्स तथा मर्मत** | | |
| ८८ | ट्याक्टर र ट्रक | ५०००।०० | |
| ८९ | लाइट भ्याकल | ४०००।०० | |
| ९० | मोटर साइकल | ३०००।०० | |
| ९१ | जुत्ता, चप्पल खरिद बिक्री | ३५००।०० | |
| ९२ | स्टेशनरी तथा पत्रपत्रिका | ३५००।०० | |
| ९३ | बेकरी, पाउरोटी उद्योग | ३०००।०० | |
| ९४ | राइस मील | १०००।०० | |
| ९५ | सहकारी (कृषि र संचार बाहेक) | २०००।०० | |
| ९६ | कृषि सहकारी | १०००।०० | |
| ९७ | संचार सहकारी | १०००।०० | |
| ९८ | व्यवसायिक टेलिफोन (प्रति टावर बार्षिक) | २५००।०० | |
| ९९ | इटा उद्योग | १००००।०० | |
| १०० | कम्प्यूटर प्रशिक्षण केन्द्र | ३०००।०० | |
| १०१ | प्राइभेट होस्टल | ३०००।०० | |
| १०२ | विदेशी भाषा (एक भाषा) तालिम केन्द्र | १००००।०० | |
| १०३ | प्रति दोश्रो भाषा (थप्दै लैजाने) | २०००।०० | |
| १०४ | ट्यूशन सेन्टर | ५०००।०० | |
| १०५ | ट्यूशन सेन्टर (भाषा तालिम सहित) | १३०००।०० | |
| | **बर्गर, एशियन पेन्टर जस्ता संस्थागत पेन्टर मानी सो वर्गमा तोकिएको व्यवसाय कर लिने र गाडीबाटै व्यवसाय गर्ने र झोला/पोकाबाट व्यवसाय गर्ने व्यापारीहरुलाई निम्नानुसार व्यवसाय कर लिने** | | |
| १०६ | क) ट्रक (प्रति पटक) | २५०।०० | |
| १०६ | ख) पिकअप (प्रति दिन) | १५०।०० | |
| १०७ | ग) भ्यान (प्रति दिन) | ५०।०० | |
| १०८ | घ) घुमन्ते व्यापारी (प्रति महिना) | २००।०० | |
| १०९ | स्थानीय हाइड्रोपावर कम्पनीबाट उत्पादित १ (एक) मेगावाट बराबर | १००००।०० | |
| ११० | चिया उत्पादक कारखाना वार्षिक | ५००० | |
| १११ | चिया उत्पादक कारखाना ( प्रशोधनसहित ) वार्षिक | २०००० | |
| ११२ | स्थानीय ब्याक हु लोडर व्यवसाय बार्षिक | ५०००।०० | |
| ११३ | वाह्य ब्याक हु लोडर व्यवसाय बार्षिक | ६०००।०० | |
| ११४ | स्थानीय स्काइभेटर सेवा व्यवसाय बार्षिक | ७०००।०० | |
| ११५ | वाह्य स्काइभेटर सेवा व्यवसाय बार्षिक | ८०००।०० | |
| ११६ | जिप, भ्यान यातायात सेवा बार्षिक | ५००।०० | |

| | | | |
|---|---|---|---|
| ११७ | यातायात व्यवसाय (ट्याक्टर, पानी ट्यांकी) सानो बार्षिक | २०००।०० | |
| ११८ | यातायात व्यवसाय (बस, ट्रक) बार्षिक | ३०००।०० | |

**अनुसूची - ५**

**(ऐनको दफा ६ सँग सम्बन्धित)**

## बहाल बिटौरी शुल्क

| सि. नं. | विवरण | आ.व.०७५/०७६ को लागि स्वीकृत दर | कैफियत |
|---|---|---|---|
| १ | नगरपालिकाको स्वामित्वमा रहेको भवन प्रति वर्गफुट मासिक | १०।०० | |
| २ | हाटबजार/मेला/जस्ता आदिमा अस्थायी पसल थाप्दा प्रतिवर्ग फुट मासिक | १५।०० | |
| ३ | सार्वजनिक स्थल, ऐलानी पर्ती जग्गा, बाटो छेउको अस्थायी छाप्रो, टहरा र आवासमा प्रतिवर्ग फुट मासिक | ८।०० | |
| ४ | मासु पसल विट प्रति गोटा मासिक | २,०००।०० | |

**अनुसूची - ६**

**(ऐनको दफा ७ सँग सम्बन्धित)**

पार्किङ्ग शुल्क

**दैनिक पार्किङ्ग शुल्क ( नीलो, पहैंलो र सेतो प्लेट बाहेक )**

| सि. नं. | विवरण | आ.व.०७५/०७६ को लागि स्वीकृत दर | कैफियत |
|---|---|---|---|
| १ | फूलबडी ट्रक | १५०।०० | बसपार्क, टेक्सीस्टेण्ड, साङ्रुम्वा जाने बाटो, गोलाखर्क, रत्नचोक, चोकबजार र नगरपालिकाले तोकेको अन्य पार्किङ्ग स्थलबाट असुल गर्ने । |
| २ | रात्री बस | १००।०० | |
| ३ | बस, ट्रक, माइक्रोबस, मिनिबस | ७०।०० | |
| ४ | ट्याक्टर | ५०।०० | |
| ५ | कार, जीप, पीकअप, भ्यान समेत | २०।०० | |
| ६ | मोटरसाइकल | १०।०० | |

**अनुसूची - ७**

**(ऐनको दफा ९ सँग सम्बन्धित)**

**जडिबुटी, कवाडी र जीवजन्तु कर**

(वन नियमावलीमा उल्लेखित दस्तुर बमोजिम हुने)

**जडीबुटीको नाम र दस्तुर :**

| क्र. सं. | नेपाली नाम | वैज्ञानिक नाम, अंग्रेजी नाम | दस्तुर प्रति के.जी. (रु.) |
|---|---|---|---|
| **(क) जरा तथा गानो जाति** | | | |
| १. | अनन्तमूल | Hemidesmus indicus | १०।- |
| २. | अतिस | Aconitum heterophyll<br>Delphinium himalaya | १५।- |
| ४. | इन्द्रेणी | Citrullus colosynthis, Trichosanthes wallichiana | १०।- |
| ५. | उन्यू | Dryopteris filix-mas, D. cochleata | ८।- |
| ६. | कचुर | Curcuma zedoaria | |
| ७. | काकोली | Fritillaria cirrhosa, Roscoea, purparia | ५।- |
| ८. | कामराज | Helminthostachys zeylanica | ६।- |
| ९. | कुकुरतरुल, वनतरुल, भ्याकुर | Dioscorea spp. | १५।- |
| १०. | कुचिला | Strychnos nux-vomica | ७।- |
| ११. | कुट्की | Neo-picrorhiza scrophulariifolia | १५।- |
| १२. | कुरिलो/सतावरी | Asparagus spp. | ५।- |
| १३. | खसखस/उशीर | Vetiveria zizanioides | १०।- |
| १४. | गुजरगानो | Stephania spp. | ५।- |
| १५. | गुर्जो/गुडुची | Tinospora sinensis, T. cordifolia | ५।- |
| १६. | गोकुलधुप | Camphora mukul | ५।- |
| १७. | चुत्रो/दारुहल्दी | Berberis spp | ८।- |
| १८. | जटामसी | Nardostachys grandiflora | २०।- |
| १९ | जमानेमान्द्रो | Mahonia napaulensis | ५।- |
| २०. | टुकीफूल | Taraxacum officinale | ५।- |
| २१. | नागरमोथे, मोथे | Cyperus spp. | ५।- |
| २२. | निरमसी/निरबिषी | Delphinium denudatum | ५०।- |
| २३. | पदमचाल/अमलवेद | Rheum australe | १०।- |
| २४. | पाखनवेद/पाषाणभेद | Bergenia ciliata | ५।- |
| २५. | पाँचऔंले | Dactylorhiza hatagirea | १०००।- |
| २६. | पिपला/पिपली | Piper longum | १०।- |
| २७. | बज्रदन्ती | Potentilla fulgens | ५।- |
| २८. | वन प्याज | | १०।- |
| २९. | वनमुला | Dipsacus inermis | १०।- |
| ३०. | वनलसुन | Allium wallichii | १०।- |
| ३१. | बाटुलपाते | Cissampelos pareira | २।- |

| | | | |
|---|---|---|---|
| ३२. | विदारीकन्द | Pueraria tuberosa | २।- |
| ३३. | विलौने | Maesa chisia | ५।- |
| ३४. | विष, विषमा | Aconitum spp. | १०।- |
| ३५. | विषफेज | Polypodium vulgare | १०।- |
| ३६. | बोझो | Acorus calamus | ५।- |
| ३७. | भूतकेश | Selinum tenuifolium | ५।- |
| ३८ | ममिरा | Parnassia nubicola | ७०।- |
| ३९. | मुसली (कालो) | Curculigo orchioides | ६।- |
| ४०. | मुसली (सेतो) | Chlorophytum spp. | ५।- |
| ४१. | लघुपत्र | Podophyllum hexandrum | ५।- |
| ४२. | शटी | Hedychium spicatum, Curcuma zedoaria | ५।- |
| ४३. | सतुवा | Paris polyphylla | १५।- |
| ४४. | सर्पगन्धा/ चाँदमरुवा | Rauwolfia serpentina | २०।- |
| ४५. | सातगांठे | Panax pseudo-ginsing | ५०।- |
| ४६. | सिस्नु | Urtica dioica | २।- |
| ४७. | सुगन्धवाल | Valeriana jatamansi, V. wallichii | १५।- |
| ४८. | सेतकचिनी/कुकुरडाइनो | Smilax spp. | ५।- |
| **(ख) बोक्रा जाति** | | | |
| १. | अर्जुन | Terminalia arjuna | १०।- |
| २. | ओखर (काण्ड) | Juglans regia | १००।- |
| ३. | ओखर (फल) | Juglans regia | ५।- |
| ४. | अँगेरी | Lyonia ovalifolia | ५।- |
| ५. | काफल | Myrica esculenta | १००।- |
| ६. | कुटमिरो/काल्चुरी | Litsea spp. | ५।- |
| ७. | कोइरालो/कचनार | Bauhinia variegata | ५।- |
| ८. | चुत्रो/दारुहल्दी | Berberis spp. | ८।- |
| ९. | छतिवन | Alstonia scholaris | १०।- |
| १०. | जमानेमान्द्रो | Mahonia napaulensis | ५।- |
| ११. | टटेलो/टोटला | Oroxylum indicum | ५।- |
| १२. | टांकी | Bauhinia purpurea | ५।- |
| १३. | दार/दारगिठी | Boehmeria rugulosa | १०।- |
| १४. | धूपी | Juniperus spp. | २५।- |
| १५. | निम | Azadirachta indica | ५।- |
| १६. | नेपाली दालचिनी/सिन्कौली | Cinnamomum tamala | ७।- |
| १७. | पलास | Butea monosperma | २०।- |
| १८. | पावन, काउलो | Persea Spp. | १०।- |
| १९. | पैयौ | Prunus cerasoides | १०।- |
| २०. | बकाइनो | Melia azedarach | २।- |
| २१. | बनखिर्रो/कुटज | Holorrhena pubescens | ५।- |
| २२. | बिलौने | Maesa chisia | १०।- |

| | | | |
|---|---|---|---|
| २३. | भोजपत्र | Betula utilis | २०।- |
| २४. | भोर्ला | Bauhinia vahlii | २।- |
| २५. | सल्ला | Pinus spp. | २।- |
| २६. | अर्गेली लोक्ता | | १।- |
| **(ग) पाँत डाँठ जाति** | | | |
| १. | अदुवा घाँस | Zinger greass | १।- |
| २. | अमलवेद/पदमचाल/चुल्ठे अमिलो/ काराजचुल्ठी | Rheum australe | ५।- |
| ३. | असुरो/अडुस/बासक | Justicia adhatoda | १।- |
| ४. | उन्यु | Drvopteris filix mas, d.cochleata | १।- |
| ५. | गुडमार | Gymnema sylvestre | ५।- |
| ६. | गुर्जो लहरा/गुडुची | Tinospora sinensis, T. cordifolia | २।- |
| ७. | घिउकुमारी | Aloe vera | ५।- |
| ८. | चुम्लानी | Skimmialaureola | -।५० |
| ९. | जगर/जिगर | Caryota urens | २।- |
| १०. | टोकला | | २।- |
| ११. | ठिगुरे सल्ला/ठिंगे सल्ला | Tsuga dumosa | २।- |
| १२. | डाले चुक | Hippophae spp. | १।- |
| १३. | तालिसपत्र | Abies spectabilis | ५।- |
| १४. | तितेपाती | Artemisia spp. | १।- |
| १५. | तेजपात | Cinnamomum tamala | २।- |
| १६. | दुधेलहरा/ सरीवा | | १।- |
| १७. | धसिँग्रे/मछिनो/पटपटे | Gaultheria fragrantissima | १।- |
| १८. | धूपी | Juniperus spp. | २।- |
| १९. | नुनढिकी | Osyris spp. | १।- |
| २०. | मजिठो | Rubia manjith | ५।- |
| २१. | मलाटा | Macaranga spp. | १।- |
| २२. | मसला | Eucalyptus spp. | -।२५ |
| २३. | लेमनग्रास, सिट्रोनेला, पामारोजा | Cymbopogon spp. | १।- |
| २४. | लौठसल्ला | Taxus baccata / T. wallichiana | २५।- |
| २५. | सिकाकाई | Acacia ruguta / A. concinna | ३।- |
| २६. | सिस्नु | Urtica dioica | १।- |
| २७. | सुनपाती | Rhododendron anthopogon | ५।- |
| २८. | सोमलता | Ephedra gerardiana | ५।- |
| २९. | हिंगुवा/चियापाते | Camellia kissi | -।५० |
| ३०. | करिपत्ता | Murraya Koenigii | १।- |
| **(घ) फूल र भूवा जाति** | | | |

| | | | |
|---|---|---|---|
| १. | असुरो/अडुस/वासक | Justicia adhatoda | १।- |
| २. | आँकको भूवा | Calotropis gigantea | ४।- |
| ३. | कोइरालो/कचनार | Bauhinia variegata | -।५० |
| ४. | गुराँस/चिमाल | Rhododendron spp. | २।- |
| ५. | टटेलोफूल/टोटला | Oroxylum indicum | ३।- |
| ६. | टुकीफूल | Taraxacum officinale | ५।- |
| ७. | धँयरो | Woodfordia fruticosa | १।- |
| ८. | नागेश्वर/नारेश्वर | Mesua ferrea | ५।- |
| ९. | पदमपुष्कर | Iris nepalensis | ३।- |
| १०. | बुकीफूल | Gnaphalium spp., Anaphalis spp. | १।- |
| ११. | मौवा (तराई) | Bassia latifolia | ५।- |
| १२. | मौवा (पहाडी) | Engelhardtia spicata | २।- |
| १३. | रुखकमल | Magnolia grandiflora | २५।- |
| १४. | सिमलको फूल | Bombax ceiba | ३।- |
| १५. | सिमलको भूवा | Bombax ceiba | ४।- |
| १६. | सुनपाती | Rhododendron spp. | ५।- |
| **(ङ) फल र बीज जाति** | | | |
